# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

प.सं. :- ०७७/०७८
च.नं. :- २२५६

मितिः- २०७७/१२/१३

विषय :- **दलितहरुको थर सूचीकरण सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै),
दक्षिणकाली नगरपालिका ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको च.नं.१९६६ मिति २०७७/१२/०९ को पत्र साथ संलग्न राष्ट्रिय दलित आयोगले दलित समुदायभित्रका सूचिकृत हुन छुटेका थरहरुको सूचीकरण गर्ने प्रकृया अघी बढाएकोले सो सम्बन्धी आयोगद्वारा मिति २०७७/१२/०१ मा प्रकाशित सूचना यसै पत्र साथ संलग्न गरी पठाइएको छ । सो सूचना सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि ताहाँको सूचना पाटीमा टाँस गरि दिनु हुन अनुरोध छ ।

..............................
(दिपक कुमार के.सी)
यो.अ.तथा प्र.अधिकृत

# राष्ट्रिय दलित आयोग
# National Dalit Commission

प.सं.
च.नं.

राष्ट्रिय दलित आयोग
२०७५

## राष्ट्रिय दलित आयोगको सुचना

प्रथम पटक प्रकाशित मितिः-२०७७/१२/०१

राष्ट्रिय दलित आयोगले दलित समुदायभित्रका सूचिकृत हुन छुटेका थरहरुको सूचीकरण गर्ने प्रकृया अघी बढाएकोले थरहरु सूचीकृत गर्नको लागि सम्बन्धित व्यक्ति तथा संस्थाहरुले वडा कार्यालयको थर दलितभित्र पर्ने सिफारिस र उपलब्ध हुन सक्ने अन्य प्रमाणहरु संलग्न गरी आयोगमा प्रत्यक्ष उपस्थित भई वा हुलाक मार्फत वा आयोगको ई-मेल ठेगाना info@ndc.gov.np मा मिति २०७८ जेष्ठ मसान्तभित्र आइपुग्ने गरी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सचिव
राष्ट्रिय दलित आयोग, कुपण्डोल ललितपुर।